लेखनाथलाई छुट्टै पर्यटकीय गन्तव्य बनाउन पूर्वाधार र संरक्षणमा जोड

पोखरा (कास)- पोखराको पर्यटनलाई फेवाताल र लेकसाइडमा मात्र सीमित नराखी लेखनाथका बेगनासतालसहित सात ताल, प्राकृतिक सम्पदा, संस्कृति र ग्रामीण बस्तीलाई जोडेर नयाँ पर्यटकीय गन्तव्य विकास गर्नुपर्नेमा पर्यटन क्षेत्रका विज्ञ तथा सरोकारवालाले जोड दिएका छन् । लेखनाथलाई पोखराको वैकल्पिक गन्तव्यका रूपमा मात्र नभई आफ्नै विशिष्ट पहिचान र सम्भावना भएको प्रमुख पर्यटकीय केन्द्रका रूपमा स्थापित गर्न पूर्वाधार विकास, प्राकृतिक सम्पदाको संरक्षण र स्थानीय अर्थतन्त्रसँग पर्यटनलाई जोड्नुपर्ने उनीहरूको भनाइ छ ।

होटल तथा रेस्टुरेन्ट एसोसिएसन लेखनाथको आयोजनामा बेगनासताल किनारमा जारी छैटौं बेगनास माछा महोत्सवका अवसरमा आयोजित 'ताल पर्यटन र लेखनाथको पर्यटकीय गन्तव्य, स्थानीय रोजगारी, आर्थिक समृद्धि र दिगो विकास' विषयक संवाद कार्यक्रममा वक्ताहरूले पर्यटनको गुणात्मक विकासमा जोड दिएका हुन् ।

कार्यक्रममा पर्यटन विज्ञ डा. रामजी शर्माले पर्यटनलाई होटल र रेस्टुरेन्टमा सीमित व्यवसायका रूपमा बुझ्न नहुने बताए । यातायात, कृषि, स्थानीय उत्पादन, संस्कृति, होटल, रेस्टुरेन्ट तथा सेवामूलक व्यवसायलाई एकसाथ चलायमान बनाउने भएकाले पर्यटनलाई उद्योगहरूको पनि उद्योगका रूपमा लिनुपर्ने उनको भनाइ थियो ।

पोखरालाई पर्यटनको राजधानीका रूपमा विकास गर्ने अवधारणाले लेखनाथका लागि समेत नयाँ अवसर सिर्जना गरेको उल्लेख गर्दै शर्माले बेगनास, रूपाताल, आसपासका गाउँ, ऐतिहासिक कोट, सांस्कृतिक सम्पदा र पदमार्गलाई एकीकृत पर्यटकीय मार्गका रूपमा विकास गर्नुपर्नेमा जोड दिए । पर्यटकको संख्या बढाउनेभन्दा उनीहरूको बसाइ अवधि लम्ब्याउने र खर्च गर्ने वातावरण सिर्जना गर्नु गुणस्तरीय पर्यटनको आधार भएको उनले उल्लेख गरे । योग, ध्यान, प्राकृतिक उपचार र शान्त वातावरणमा आधारित स्वास्थ्य तथा विश्राम पर्यटनका लागि लेखनाथ उपयुक्त गन्तव्य बन्न सक्ने उनको धारणा थियो ।

नेपाल पर्यटन बोर्डका कार्यकारी सदस्य सन्तोष पोखरेलले पर्यटकीय गन्तव्यको प्रचारप्रसारसँगै प्राकृतिक सम्पदाको संरक्षणलाई पनि प्राथमिकता दिनुपर्ने बताए । लेखनाथ र बेगनास क्षेत्रको पहिचान विस्तार गर्न राजमार्गमा पर्यटकीय संकेत चिह्न राख्ने योजना अघि बढाइएको र त्यसका लागि बजेटसमेत विनियोजन भइसकेको उनले जानकारी दिए ।

बेगनास तथा आसपासका पर्यटकीय गतिविधिलाई समेटेर श्रव्यदृश्य सामग्री र आकर्षक कथावस्तु तयार गरी अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउने तयारी भइरहेको पोखरेलले जनाए । बेगनासलाई फेवातालको विकल्पका रूपमा नभई आफ्नै विशिष्ट पहिचान भएको गन्तव्यका रूपमा विकास गर्नुपर्नेमा जोड दिँदै उनले जलपर्यटन, साहसिक गतिविधि, प्राकृतिक अवलोकन र स्थानीय जीवनशैलीमा आधारित कार्यक्रम विस्तार गर्नुपर्ने धारणा राखे ।

पोखरा महानगरपालिकाको आर्थिक विकास महाशाखा प्रमुख मनहर कडरियाले पर्यटन विकासका लागि सडक, विमानस्थल, यातायात र आधारभूत पूर्वाधारको पहुँच महत्त्वपूर्ण हुने बताए । मुग्लिन-पोखरा सडक सुधार तथा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलका कारण लेखनाथ क्षेत्रमा पर्यटकको पहुँच सहज बन्दै गएको उल्लेख गर्दै उनले निर्माणाधीन पूर्वाधार योजनालाई समयमै सम्पन्न गर्नुपर्ने आवश्यकता औंल्याए ।

बेगनास तालचोक क्षेत्रको सडक निर्माणमा भइरहेको ढिलाइ, सुविधासम्पन्न बसपार्कको अभाव तथा पर्यटकीय क्षेत्रमा आवश्यक अन्य पूर्वाधारको कमीलाई सम्बोधन गर्न स्थानीय तह र सरोकारवालाबीच समन्वय आवश्यक रहेको उनले बताए । अत्यधिक भीडभाडभन्दा शान्त वातावरण, प्राकृतिक सौन्दर्य, स्थानीय परिकार, डुंगा सयर र चराचुरुंगी अवलोकनमा आधारित पर्यटन लेखनाथका लागि प्रभावकारी हुन सक्ने उनको भनाइ थियो ।

पर्यटनबाट प्राप्त आम्दानी स्थानीय समुदायसम्म पुनुर्पर्ने उल्लेख गर्दै उनले माछापालन, कृषि, पशुपालन, जडीबुटी, डुंगा व्यवसाय र स्थानीय उत्पादनलाई पर्यटनसँग जोड्नुपर्ने बताए । ताल संरक्षणका लागि निर्धारित मापदण्डको प्रभावकारी कार्यान्वयन पनि उत्तिकै महत्त्वपूर्ण रहेको उनको धारणा थियो ।

होटल तथा रेस्टुरेन्ट एसोसिएसन लेखनाथका अध्यक्ष सुरेश लामिछानेले पर्यटकीय सम्भावना प्रशस्त भए पनि लेखनाथमा आवश्यक सेवासुविधा र निजी क्षेत्रको लगानी पर्याप्त हुन नसकेको बताए । पर्यटकका लागि सवारीसाधन भाडा, मुद्रा सटही, भ्रमण सेवा प्रदायक संस्था तथा अन्य सहायक सेवाको अभावले बेगनास आउने पर्यटकसमेत लेकसाइड जानुपर्ने अवस्था रहेको उनको गुनासो थियो ।

बेगनास क्षेत्रमै आवश्यक पर्यटकीय सेवासुविधा विस्तार गर्न सके पर्यटकको बसाइ लम्ब्याउन र स्थानीय व्यवसायलाई चलायमान बनाउन सकिने लामिछानेको भनाइ थियो । माछा महोत्सवजस्ता कार्यक्रमले बेगनासको पहिचान देशव्यापी बनाउन सहयोग पुऱ्याएको उल्लेख गर्दै उनले पर्यटन प्रवर्धनसँगै निजी लगानी आकर्षित गर्ने वातावरण बनाउनुपर्नेमा जोड दिए ।

कार्यक्रममा प्राध्यापक एमबहादुर रोका, राममणि अधिकारी, होटल व्यवसायी वीरभद्र कँडेल, स्थानीय समाजसेवी मधुकर न्यौपानेलगायतले पर्यटकीय क्षेत्रमा सार्वजनिक शौचालय, उद्धार टावर, व्यवस्थित बजार, सडक तथा अन्य आधारभूत पूर्वाधारको आवश्यकता औंल्याए । तालको संरक्षण र पर्यटकको सुरक्षालाई पनि प्राथमिकतामा राख्नुपर्ने उनीहरूको धारणा थियो ।

कार्यक्रममा सहभागी वक्ताले लेखनाथको पर्यटन विकासको लाभ केही व्यवसायीमा मात्र सीमित नराखी आसपासका गाउँ, किसान, स्थानीय उत्पादक, युवा र समुदायसम्म पुऱ्याउनुपर्ने साझा माग गरे । प्राकृतिक सम्पदाको संरक्षण, पूर्वाधार विकास, सरकारी तथा निजी क्षेत्रको सहकार्य र स्थानीय सहभागितालाई एकसाथ अघि बढाउन सके लेखनाथलाई दिगो पर्यटन र आर्थिक समृद्धिको महत्त्वपूर्ण केन्द्र बनाउन सकिने उनीहरूको धारणा थियो । कार्यक्रमको सञ्चालन सञ्चारकर्मी सन्दीप पौडेलले गरेका थिए ।

कालोपत्र भएपछि फेरियो दरबाङ बजारको रूप

पर्वत (कास)- म्याग्दीको मालिका गाउँपालिकाको केन्द्र दरबाङ बजार क्षेत्रको सडक कालोपत्रे सम्पन्न भएको छ ।

जिल्लाको दोस्रो ठुलो व्यापारिक केन्द्रका रूपमा रहेको दरबाङ बजारमा सडक फराकिलो बनाउने, नाली निर्माण गर्ने र कालोपत्रे गर्ने सकिएसँगै बजारको रूप फेरिएको छ । आर्थिक वर्ष २०८२/८३ मा संघीय सरकारको समपूरक अनुदानतर्फ एक करोड १० लाख रुपैयाँ अन्य रकम गाउँपालिकामार्फत एक करोड ६६ लाख ४९ हजार ७३२ लागत अनुमान गरिएको योजना निर्माणका लागि ठेक्का प्रतिस्पर्धाका क्रममा एक करोड २६ लाख ८२ हजार ८८८ कबोलेको सापकोटा बिल्डर्ससँग २०८२ माघ ३० गते ठेक्का सम्झौता भएको थियो ।

दरबाङ बजार पिच-दरबाङ दिच्याम सडकअन्तर्गत उक्त योजना कार्यान्वयन गरिएको गाउँपालिकाका वरिष्ठ सबइन्जिनियर दीपक सापकोटाले जानकारी दिए । गत आर्थिक वर्षमै सम्पन्न गर्ने लक्ष्य राखिए पनि सडक फराकिलो बनाउने क्रममा विवाद उत्पन्न भएपछि निर्माणमा ढिलाइ भएको हो । आयोजनाअन्तर्गत बजार क्षेत्रमा करिब ९ सय मिटर सडक कार्पेट प्रिमिक्स प्रविधिबाट कालोपत्रे गरिएको छ । साथै, नाली निर्माण र भित्री सडकमा ब्लक बिछ्याउने कामसमेत गरिएको सापकोटाले बताए ।

सडक साँघुरो र धुलाम्मे हुँदा स्थानीय बासिन्दा, व्यापारी तथा सर्वसाधारणले सास्ती खेप्दै आएका थिए । सडक विस्तार र कालोपत्र भएपछि सवारीसाधन आवतजावत सहज भएको स्थानीय गोपाल रेग्मीले बताए । सडक आएको १९ वर्षपछि कालोपत्र भएकोमा स्थानीय खुसी छन् ।

तीव्र रूपमा बस्ती विकास भएको दरबाङ बजारका भित्री सडक साँघुरा हुँदा सवारीसाधन आवतजावत असहज हुनुका साथै दुर्घटनाको जोखिम थियो । स्थानीय बासिन्दाले सडकलाई फराकिलो पार्न स्वस्फुर्त रूपमा घरको पेटी र टहरा भत्काएका थिए । विस्तार गरेपछि सडक फराकिलो बनेको छ । दरबाङमा तीन सय बढी घरपरिवारको बसोबास छ । सडक स्तरोन्नतिले बजारको स्वरूप सुधार हुनुका साथै आवागमन सहज हुने अपेक्षा गरिएको छ ।

पर्वतको पैंयुमा हाइटेक टनेल तथा स्मार्ट कृषि बजार परियोजना सञ्चालन

लक्ष्मीप्रसाद सापकोटा

पर्वत- गण्डकी प्रदेश सरकार र पर्वतको पैंयुँ गाउँपालिकाबीच महिला नेतृत्वमा हाइटेक टनेल तथा स्मार्ट कृषि बजार व्यवस्थापन परियोजना सञ्चालनका लागि द्विपक्षीय सम्झौता भएको छ ।

मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमअन्तर्गत गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र पैंयुँ गाउँपालिकाबीच बुधबार परियोजना सञ्चालनसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको हो ।

कुल एक करोड ४३ लाख ६१ हजार ५४० रुपैयाँ लागत अनुमान गरिएको परियोजना प्रदेश सरकार र गाउँपालिकाको लागत साझेदारीमा सञ्चालन हुनेछ । परियोजनाका लागि गण्डकी प्रदेश सरकारले एक करोड ६ लाख ६१ हजार ५४० रुपैयाँ तथा पैंयुँ गाउँपालिकाले ३७ लाख रुपैयाँ लगानी गर्ने सम्झौता भएको छ ।

सम्झौतापत्रमा गण्डकी प्रदेश सरकारका तर्फबाट मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव तीर्थराज चिलुवाल र पैंयुँ गाउँपालिकाका तर्फबाट प्रमुख प्रशासकीय अधिकृत चक्रपाणि भण्डारीले हस्ताक्षर गरेका हुन् ।

परियोजनाको मुख्य उद्देश्य आधुनिक कृषि प्रविधिको प्रयोगमार्फत बेमौसमी तरकारीखेती विस्तार तथा उत्पादन वृद्धि गर्नु, महिला कृषक समूहको छनोट र परिचालन गर्नु तथा कृषकको उत्पादन र आम्दानी बढाउनुरहेको छ । यससँगै कृषि उत्पादनको बजारीकरणलाई व्यवस्थित बनाउने र प्रविधिमैत्री कृषि प्रणालीको विकास गर्ने लक्ष्य लिइएको छ ।

परियोजनाअन्तर्गत हाइटेक टनेल निर्माण, कृषकको क्षमता अभिवृद्धि, कृषि उत्पादन तथा बजार व्यवस्थापनसम्बन्धी सफ्टवेयर (वेब तथा एप) विकास र कार्यान्वयन, बजार प्रवर्धन, कृषि उपज संकलन केन्द्र स्थापना तथा हाटबजार सञ्चालनजस्ता कार्यक्रम सञ्चालन गरिने जनाइएको छ ।

परियोजनाबाट बेमौसमी तरकारी उत्पादन प्रणालीको संस्थागत विकास हुनुका साथै उत्पादनमा निरन्तरता आउने अपेक्षा गरिएको छ । त्यस्तै, कृषकको उत्पादन क्षमता वृद्धि, कृषि उपजको व्यवस्थित संकलन तथा बिक्री वितरण र बजारसम्म सहज पहुँच स्थापित हुने विश्वास गरिएको छ ।

महिलाको नेतृत्वमा सञ्चालन हुने यस परियोजनाले कृषि क्षेत्रमा महिलाको सहभागिता र नेतृत्व क्षमता बढाउनुका साथै स्थानीयस्तरमै रोजगारी तथा आयआर्जनका अवसर सिर्जना गर्न सहयोग पुग्ने पैंयुँ गाउँपालिकाका अध्यक्ष तोरण मल्ल ठकुरी राजले बताए ।

आधुनिक कृषि प्रविधि, उत्पादन वृद्धि र व्यवस्थित बजार प्रणालीलाई एकीकृत गर्दै सञ्चालन गर्न लागिएको यस परियोजनाले पैंयुँ गाउँपालिकाको कृषि क्षेत्रलाई व्यावसायिक तथा प्रविधिमैत्री बनाउन सहयोग पुग्ने विश्वास गरिएको उनले बताए ।

संस्थापक शेयर बिक्री सम्बन्धी ३५ दिने सूचना

यस बैंकका १ जना संस्थापक शेयरधनीले आफ्नो नाममा रहेको ८,०७,६०९ कित्ता संस्थापक शेयर आंशिक वा पुरै बिक्री गर्न आवश्यक स्वीकृति पाउँ भनी बैंकमा निवेदन गर्नु भएको र संस्थापक समूहको शेयर बिक्री गर्दा विद्यमान संस्थापक शेयरधनीहरुलाई नै पहिलो प्राथमिकता दिनुपर्ने र यसरी खरिद बिक्री हुन नसकेको अवस्थामा मात्र अन्य व्यक्ति वा संस्थालाई सो शेयर खरिद बिक्री गर्नुपर्ने नेपाल राष्ट्र बैंकको निर्देशन भए बमोजिम बैंकका सम्पूर्ण संस्थापक शेयरधनीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तसर्थ, विद्यमान संस्थापक शेयरधनीले उक्त संस्थापक शेयर खरिद गरी लिन इच्छुक भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र के-कति रकममा खरिद गर्ने हो सो समेत खुलाई यस बैंकको शेयर रजिष्ट्रारको कार्यालय आईटी प्लाजा, कमलादी, काठमाण्डौमा निवेदन दिनु हुन अनुरोध गर्दछौं । सो म्याद भित्र विद्यमान संस्थापक शेयरधनीको निवेदन प्राप्त हुन नआएमा प्रचलित नियमानुसार अन्य व्यक्ति वा संस्थालाई उक्त शेयरहरु खरिद बिक्री गर्न आवश्यक कारवाहि अघि बढाईने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ । विस्तृत जानकारीको लागि बैंकको शेयर विभाग, केन्द्रीय कार्यालयमा सम्पर्क गर्नहुन सूचित गरिन्छ ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
केन्द्रीय कार्यालय, दरवारमार्ग, काठमाण्डौं ।
फोन नं : ५३२८२२९, फ्याक्स नं : ४२२६३४९
इमेल: info@nimb.com.np/वेभसाइट: www.nimb.com.np

१५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मितिः २०८३/०७/१९)

यस बैंकका निक्षेपकर्ता काठमाडौं जिल्ला चन्द्रगिरी न.पा.वडा नं. ३ बस्ने प्रमिला प्रधानको मिति २०८३/०६/१२ मा निधन भएको र निजको नाममा यस बैंक स्थित खातामा रहेको निक्षेप रकम र निजको लकरमा रहेको सम्पूर्ण सामाग्री भुक्तानी पाउँ भनी काठमाडौं जिल्ला चन्द्रगिरी न.पा.वडा नं. ३ बस्ने निज मृतक खातावालाका छोरा पर्ने प्रवेश प्रधानले सम्बन्धित कागजात समेत संलग्न राखी यस बैंक समक्ष निवेदन पेश गर्नु भएकोले निज खातावालाको निक्षेप र निजको लकरमा रहेको सम्पूर्ण सामाग्रीउपर अरु कसैको हकदावी लाग्ने भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय थानकोट वा केन्द्रीय कार्यालय नक्साल, काठमाडौंमा हकदावी गर्न आउनु होला । उल्लिखित समयावधी भित्र कसैको हकदावी पर्न नआएमा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन बमोजिम मृतक खातावालाको छोरा प्रवेश प्रधानको माग अनुसार निक्षेप रकम र निजको लकरमा रहेको सम्पूर्ण सामाग्री भुक्तानी भई जाने र पछि कसैको हकदावी एवं उजुरी समेत नलाग्ने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

Siddhartha Bank
Head Office: Naxal, Kathmandu, Nepal
P.O. Box: 13806, Ph: 01-5970720 / 5970020
SWIFT: SIDDNPKA
Email: customercare@sbl.com.np
Web: www.siddharthabank.com

Hulas Finserv Hire Purchase Limited

(Previously known as Hulas Fin Serve Ltd.)

Tripureswor, Kathmamandu

UNAUDITED FINANCIAL RESULTS
First Quarter of FY 2083/84 (2026/27)

प्रकाशित मितिः २०८३/०७/१९

Statement of Financial Position
As on First Quarter End (17th Oct 2026) of the Fiscal Year 2083/84 (2026/27)

Fig in NPR

Assets	This Quarter Ending	Immediate Previous Year Ending
Cash and cash equivalent	88,065,269	103,808,944
Other trading assets	-	-
Loans and Advances to B/FIs	-	-
Loans and Advances to customers	14,767,256,286	12,211,800,987
Investment Securities	-	-
Current Tax Assets	-	21,034,850
Investment property	-	-
Property and equipment	209,463,105	212,181,404
Goodwill and Intangible assets	4,665,687	5,143,366
Deferred tax assets	4,689,490	4,380,080
Other assets	142,214,782	75,729,851
Total Assets	**15,216,354,618**	**12,634,079,483**
Borrowings	10,744,216,595	9,279,878,523
Current Tax Liabilities	4,055,039	-
Employee benefit liabilities	16,090,249	16,276,575
Deferred tax liabilities	-	-
Other liabilities	2,425,245,259	1,458,846,499
Total Liabilities	**13,189,607,143**	**10,755,001,597**
Share capital	830,000,000	830,000,000
Share premium	-	-
Retained earning	885,099,797	766,964,126
General Reserves	311,647,678	282,113,760
Total Equity attributable to equity holders	**2,026,747,475**	**1,879,077,886**
Non-controlling interests	-	-
Total Equity	**2,026,747,475**	**1,879,077,886**
Total Liabilities and Equity	**15,216,354,618**	**12,634,079,483**

Statement of Distributable Profit or Loss
For the First Quarter Ended 17th Oct 2026

Fig in NPR

	Current YearYTD	Previous Year Corresponding YTD
Operating Restated Retaining Earnings	766,964,126	455,087,679
Net Profit/(loss) as per statement of profit or loss	147,669,589	58,448,191
Appropriations:		
a. General reserve	(29,533,918)	(11,689,638)
b. Foreign Exchange Fluctuation Fund	-	-
c. Capital Redemption reserve	-	-
d. Corporate social Responsibility Fund	-	-
e. Employee Training Fund	-	-
f. Bonus share Issued	-	-
g. Cash Dividend paid	-	-
h. Others	-	-
Profit or (Loss) Before Regulatory Adjustment	**885,099,797**	**501,846,232**
Regulatory Adjustment:		
a. Interest receivables (-)/previous accrued interest received (+)	-	-
b. Short loan loss provision in accounts (-)/reversal(+)	-	-
c. Short provision for possible losses om investment (-)/Reversal(+)	-	-
d. Short loan loss provision on Non-Banking Assets (-)/Reversal(+)	-	-
e. Deferred tax assets recognized (-)/reversal(+)		
f. Goodwill recognized (-)/Impairment of Goodwill (+)	-	-
g. Bargain purchase gain recognized (-)/reversal (+)		
h. Actuarial loss recognized (-)/Reversal (+)	-	-
i. Others (+/-)	-	-
Distributable Profit or (Loss) as at 17nth Oct, 2026)	**885,099,797**	**501,846,232**

Statement of Profit or Loss
For the First Quarter Ended 17th Oct 2026 of the Fiscal Year 2083/84 (2026/27)

Fig in NPR

	Current Year		Previous Year	
	This Quarter	Up to This Quarter (YTD)	This Quarter	Up to This Quarter (YTD)
Interest Income	298,982,015	298,982,015	195,610,869	195,610,869
Interest Expenses	131,537,786	131,537,786	103,383,376	103,383,376
Net Interest Income	**167,444,230**	**167,444,230**	**92,227,493**	**92,227,493**
Fee and Commission Income	191,848,116	191,848,116	161,305,459	161,305,459
Fee and Commission Expense	-	-	-	-
Net Fee and Commission Income	**191,848,116**	**191,848,116**	**161,305,459**	**161,305,459**
Net Interest and Commission Income	**359,292,346**	**359,292,346**	**253,532,952**	**253,532,952**
Net Trading Income	-	-	-	-
Other Operating Income	-	-	-	-
Total Operating Income	**359,292,346**	**359,292,346**	**253,532,952**	**253,532,952**
Impairment Charge/(Reversal) for Loans and Other Losses	11,087,604	11,087,604	52,862,930	52,862,930
Net Operating Income	**348,204,742**	**348,204,742**	**200,670,022**	**200,670,022**
Operating Expenses				
Personnel Expenses	71,931,866	71,931,866	56,604,678	56,604,678
Other Operating Expenses	51,958,259	51,958,259	31,947,314	31,947,314
Depreciation and Amortization	10,332,339	10,332,339	5,340,639	5,340,639
Total Operating Expenses	**134,222,464**	**134,222,464**	**93,892,631**	**93,892,631**
Operating Profit	**213,982,278**	**213,982,278**	**106,777,391**	**106,777,391**
Non-operating Income	666,076	666,076	221,354	221,354
Non-operating Expense	3,691,797	3,691,797	724,602	724,602
Profit Before Income Tax	**210,956,556**	**210,956,556**	**106,274,143**	**106,274,143**
Income Tax Expenses	**63,286,967**	**63,286,967**	**47,825,952**	**47,825,952**
Current Tax	63,596,376	63,596,376	47,942,635	47,942,635
Deferred Tax	(309,409)	(309,409)	(116,683)	(116,683)
Profit for the Year	147,669,589	147,669,589	58,448,191	58,448,191
Other Comprehensive Income, Net of Income Tax				
Total Comprehensive Income for the Period	**147,669,589**	**147,669,589**	**58,448,191**	**58,448,191**
Profit Attributable To:				
Equity Holders	147,669,589	147,669,589	58,448,191	58,448,191
Non-controlling Interests				
Profit for the Year	**147,669,589**	**147,669,589**	**58,448,191**	**58,448,191**

Key Financial Indicators	Current YearYTD	Previous Year Corresponding YTD
Basic EPS (Annualized)	71.17	28.17
Diluted EPS (Annualized)	71.17	28.17
Return on Equity (Annualized)	29.14%	15.11%
Net Worth per Share	244.19	186.47
Non-Performing Loan	1.90%	3.46%
Cost of Fund	5.16%	6.12%
Interest Rate Spread	3.63%	2.42%
Gearing Ratio (Borrowings / Equity)	5.30	4.66
Provision Coverage Ratio (Loan Loss Provision / NPL)	81.61%	76.11%

1.5 Basis of Preparation and Notes

1. These unaudited financial statements have been prepared in accordance with Nepal Financial Reporting Standards (NFRS) and the section 10.8 of directives governing hire purchase lending companies issued by Nepal Rastra Bank (NRB).
2. Loan loss provisions have been recognized at the higher of the provisioning requirement prescribed by Nepal Rastra Bank (NRB/Company Internal Policy) and the Expected Credit Loss (ECL) requirement under NFRS 9.
3. Previous period figures have been regrouped, rearranged, or restated wherever necessary for the purpose of comparability.
4. These figures are unaudited and are subject to change based on the review of the Company's statutory auditor and/or directions of the Regulator.
5. This publication is made pursuant to the applicable Nepal Rastra Bank and Securities Board of Nepal disclosure requirements for licensed hire purchase lending companies.

2. Management Analysis

Operating Environment

Nepal's economy witnessed gradual recovery during Q1 FY 2083/84, while private sector credit growth remained moderate at 7.3% year-on-year as of mid-September 2026 (Nepal Rastra Bank) while the Company achieved a loan portfolio growth of 48.65% compared to same quarter of previous year and profit growth of 152.65%, significantly outperforming the overall market. Meanwhile, Nepal's banking sector continued to face asset quality pressures during Q1 FY 2083/84, with non-performing loans remaining elevated amid rising credit risks (Nepal Rastra Bank). In contrast, the Company's non-performing loan ratio improved from 3.46% to 1.90% during the same period, demonstrating strong credit risk management and effective recovery performance.

Company Performance

During the first quarter of FY 2083/84, the Company delivered strong financial performance, reflecting continued business growth and operational resilience. The operating environment during the quarter was characterized by improving credit demand, ample liquidity in the financial system and a competitive lending market. While increased economic activity and seasonal demand supported credit expansion, the Company remained focused on prudent credit assessment, effective portfolio monitoring and proactive recovery management, ensuring that business growth remained aligned with asset quality objectives and sustainable risk management practices. The loan portfolio registered significant growth of 48.65% compared to the corresponding quarter of the previous fiscal year, primarily driven by expansion in the automobile financing segment. Profit increased by 152.65%, reflecting business expansion and improved operational performance. Notably, this growth was accompanied by an improvement in asset quality, with non-performing loans declining from 3.46% to 1.90%. Furthermore, the Company's balance sheet remained conservatively funded, with gearing of approximately 5.30 times equity, comfortably within the regulatory borrowing ceiling of 10 times net worth.

The Company remains committed to strengthening asset quality, enhancing recovery mechanisms and maintaining a balanced and diversified portfolio. Going forward, the focus will remain on achieving sustainable growth through prudent risk management, operational efficiency and continued efforts to safeguard long-term stakeholder value.

Analysis of Interim Financial Statements

The Company reported a profit of NPR 147.66 million, a growth of 152.65%, and the overall loan portfolio stands at NPR 14,767.25 million, a growth of 48.65% in business size as compared to the corresponding previous period. This strong business growth and focused recovery effort has also improved asset quality, with non-performing loans decreasing from 3.46% to 1.90% even as the overall loan portfolio expanded significantly.

3. **Details of Legal Proceedings**
   No information regarding any lawsuit by or against the Company has been filed during the period under review, except the regular cases of debt recovery.
4. **Corporate Governance**
   The Company is committed to maintaining a high level of ethical standards, corporate governance, and compliance. The Board of Directors and management strictly comply with the regulatory norms issued by Nepal Rastra Bank (NRB) and other regulatory authorities. Further, the Company adheres to all regulatory and legal requirements and industry best practices.

नोटः कम्पनी ऐन, २०६३ को दफा ८४ तथा नेपाल राष्ट्र बैंकको हायर पर्चेज कर्जा दिने कम्पनीलाई स्वीकृति दिने नीतिगत एवम् प्रक्रियागत व्यवस्था, २०७० (छैठौं संशोधन, २०८३) को नियम नं. १०.८ को प्रयोजनार्थ यस हायर पर्चेज कर्जा दिने कम्पनी हुलास फिनसर्भ हायर पर्चेज लिमिटेड (सांविक हुलास फिन सर्भ लि.) को आ.व. ०८३/०८४ को प्रथम त्रैमासिक संक्षिप्त आर्थिक विवरण प्रकाशन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।